प.सं. च.नं./Ref:

प्रेस विज्ञप्ति

मिति २०७८।१२।०७

आगामी २०७९ वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि मिति २०७८।१२।०३ गते उप्रान्त आयोगले देहायबमोजिमका निर्णयहरु गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाएको छ :-

१. आगामी स्थानीय तह निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र, विश्वसनीय र मितव्ययी रुपमा संचालन गर्ने सन्दर्भमा प्रचलित कानून बमोजिम निर्वाचन प्रयोजनको लागि दर्ता भएका दलको उम्मेदवारलाई सोही दलको निर्वाचन चिन्ह दिन उपयुक्त निर्णय गर्ने सम्बन्धमा निर्वाचनमा भाग लिन आयोगमा दर्ता भएका राष्ट्रिय मान्यता प्राप्त बाहेकका ७३ (त्रिहत्तर) राजनीतिक दललाई राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम जिल्ला स्तरको संगठन संरचना (जिल्ला समिति) को विवरण २०७८ चैत्र ६ गतेभित्र पेश गर्न पत्राचार गरेकोमा आयोगमा ५८ वटा दलहरुबाट विवरण प्राप्त भएको छ । उक्त विवरण अध्ययनको क्रममा रहेको छ । जिल्लामा पेश भएका विवरण आयोगमा प्राप्त हुने क्रममा छन् ।

२. आयोगले नेपाल कानून समाजसँगको सहकार्यमा प्रमुख निर्वाचन आयुक्त तथा आयुक्तज्यूहरु तथा निर्वाचन विज्ञहरुको सहभागितामा सात वटै प्रदेश लगायत १५ जिल्लामा चैत्र ९ देखि १७ सम्म निर्वाचन आचारसंहिताको कार्यान्वयनका सम्बन्धमा राजनीतिक दल, सरोकारवाला निकाय, संस्था तथा पदाधिकारीहरुसँग छलफल तथा अन्तरकृया कार्यक्रम संचालन गर्ने भएको छ ।

३. निर्वाचन आयोगको अनुरोध बमोजिम नेपाल दूरसंचार प्राधिकरणबाट आयोगले मिति २०७८।१२।१५ देखि संचालन गर्न लागेको कल सेन्टरको लागि **११०२** नम्बरको टोल फ्री नम्बर प्राप्त भएको छ । उक्त नम्बरमा मतदाता, आम नागरिक तथा सरोकारवालाले आफ्ना जिज्ञासा, गुनासो वा प्रश्न राख्न सक्नुहुनेछ। उक्त टोल फ्री नम्बर यही चैत्र १५ गतेदेखि सुचारु हुनेछ ।

४. आयोगको मिति २०७८।१२।०१ को निर्णय अनुसार मतदान कार्य सम्पन्न भएपछि मतपेटिकाको भण्डारण तथा मतगणना कार्यको अनुगमन आयोग परिसरबाटै गर्ने उद्देश्यले हरेक मतगणना स्थलमा **मतगणनास्थल दृश्य अवलोकन प्रणाली (Vote Counting Video Management System)** जडान गर्ने सम्बन्धमा आवश्यक

व्यवस्था मिलाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहलाई अनुरोध गरिएको छ ।

५. आयोगबाट आगामी स्थानीय तह निर्वाचनमा सुरक्षा व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यले **निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०७८** स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ ।

६. स्थानीय तह निर्वाचन, २०७९ का लागि आयोगको मिति २०७८।१२।०४ को निर्णयानुसार मिति २०७९ वैशाख ११ गतेबाट शुरु हुने गरी निर्वाचन कार्यक्रम स्वीकृत भएको छ ।

**(शालिग्राम शर्मा पौडेल)**

**सहसचिव एवम् प्रवक्ता**